म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग उपस्थित थिएँ । उहाँ फोहोर फाल्ने ठाउँतिर जानुभयो र उभिएर पिसाब गर्नुभयो

हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग उपस्थित थिएँ । उहाँ फोहोर फाल्ने ठाउँतिर जानुभयो र उभिएर पिसाब गर्नुभयो, त्यसैले
म अलि टाढा गएँ । उहाँले भन्नुभयो: “यता आऊ” म उहाँको नजिक आएँ र उहाँको दुवै कुर्कुच्चोमा उभिएँ । उहाँले वुजू गर्नुभयो र आफ्नो दुवै मोजामाथि मसह गर्नुभयो ।
[सही] [मुत्तफकुन अलैहि]

हुजैफा बिन अल-यमान (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए । यसैबीच उहाँले पिसाब गर्ने निर्णय गर्नुभयो, त्यसैले उहाँ मानिसहरूले घर सफा गरेपछि जम्मा भएको धूलो र फोहोर फाल्ने ठाउँतिर जानुभयो र उभिएर पिसाब गर्नुभयो, यद्यपि यहाँ सामान्य रुपमा बसेर नै पिसाब फेर्नुहुन्थ्यो । यो देखेर हुजैफा (रजियल्लाहु अन्हु) उहाँबाट टाढा जान थाले, त्यसैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई नजिक आउन भन्नुभयो । उनी नजिक आए र उहाँको पछाडि दुवै कुर्कुच्चोको छेउमा उभिए; ताकि यो उहाँको लागि एक पर्दा होस् र अरु मानिसले उहाँलाई यो अवस्थामा देख्न नसकुन् । त्यसपछि उहाँले वुजू गर्नुभयो र जब खुट्टा धुने समय आयो, उहाँले धुनुको सट्टा दुवै मोजाहरूमाथि मसह गर्नुभयो र मोजा फुकाल्नु भएन । दुवै खुट्टा ढाक्ने पातलो छाला आदिबाट बनेको वस्तुलाई खुफ भनिन्छ ।

https://sunnah.global/hadeeth/ne/show/3075